नेपाल सरकार

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

# नेपाल इन्जिनियरिङ परिषद्को रजिष्ट्रार नियुक्तिका लागि दरखास्त आह्वानसम्बन्धी सूचना

*सूचना प्रकाशित मितिः २०८३/०२/०१*

नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा २७ को उपदफा (१) बमोजिम नेपाल इन्जिनियरिङ परिषद्को रजिष्ट्रार नियुक्तिका लागि देहाय अनुरूपको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पूर्वाधार निर्माण तथा यातायात महाशाखा, सिंहदरबारमा आइपुग्ने गरी रीतपूर्वकको दरखास्त आह्वान गरिन्छ। उम्मेदवारले दरखास्त साथ दरखास्त दस्तुर वापत रु ५,०००/- (रुपैयाँ पाँच हजार) राष्ट्रिय वाणिज्य बैंक लि. सिंहदरबार, काठमाडौंमा रहेको राजश्व खाता नं. १०००१००२०००१००००, राजस्व संकेत नं. १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) कार्यालय कोड ३३७००३५०१ (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) मा जम्मा गरेको सक्कल भौचर पेश गरेको हुनुपर्नेछ। उम्मेदवारले पेश गर्नुपर्ने दरखास्त फाराम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पूर्वाधार निर्माण तथा यातायात महाशाखा, सिंहदरबारबाट कार्यालय समयमा निःशुल्क प्राप्त गर्न सकिनेछ।

**उम्मेदवारको लागि निर्धारित योग्यता तथा शर्तहरू:**

नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ र नेपाल इन्जिनियरिङ परिषद् नियमावली, २०५७ मा उल्लिखित परिषद्को रजिष्ट्रार पदमा नियुक्तिको लागि दरखास्त दिने उम्मेदवारको देहायको योग्यता पुगेको हुनुपर्नेछः

(क) नेपाली नागरिक,

(ख) इन्जिनियरिङ विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोपाधि प्राप्त गरेको,

(ग) सरकारी तथा गैरसरकारी निकायमा इन्जिनियरिङ विषयमा न्यूनतम दश वर्षको कार्य अनुभव प्राप्त गरेको,

(घ) पैंतीस वर्ष उमेर पूरा भई साठी वर्ष उमेर ननाघेको,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन तथा ओसारपसार, लागूऔषध कारोवार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय नपाएको,

(च) प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको,

(छ) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको,

(ज) कुनै पनि गैरसरकारी संस्थाको कार्यकारी पदमा कार्यरत नरहेको,

**उम्मेदवारले दरखास्तसाथ अनिवार्य रूपमा पेश गर्नुपर्ने कागजातहरू:**

(क) शैक्षिक योग्यता, कार्य अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन/मोबाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नुपर्नेछ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र पेशागत अनुभव पुष्ट्याईं गर्ने कागजातको प्रतिलिपी आवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

(ग) उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नुपर्नेछ।

**पुनश्चः**

१. दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र बुझाउनुपर्नेछ।

२. स्वीकृत भएका दरखास्तहरूसम्बन्धी सूचना र त्यसपछिका प्रक्रियागत कार्यक्रमहरू भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको वेबसाइट (http://www.mopit.gov.np/) मा प्रकाशित गरिनेछ।

३. संक्षिप्त सूचीमा छानिएका उम्मेदवारहरूले आफ्नो कार्ययोजनाको प्रस्तुतीकरण गर्नुपर्नेछ।

४. प्रस्तुति तथा अन्तर्वार्ताका लागि छनोट गरिएका उम्मेदवारहरूले दरखास्तसाथ पेश गरेका प्रमाणपत्र तथा कागजातहरूको सक्कल अन्तर्वार्ता पूर्व पेश गर्नुपर्नेछ।

५. यस सूचनाका सम्बन्धमा कुनै थप जानकारी आवश्यक परेमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको, पूर्वाधार निर्माण तथा यातायात महाशाखा, सिंहदरबारबाट प्राप्त गर्न सकिनेछ।

६. कुनै उम्मेदवारले झुट्ठा कागजात पेश गरेको फेला परेमा सिफारिस समितिले कुनै पनि चरणमा उम्मेदवारको दरखास्त रद्द गर्नसक्नेछ।